प्रदेश सरकार

लुम्बिनी प्रदेश

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

मुकाम, बुटवल, नेपाल

प.सं :- २०७७/७८

च.नं :-

दोस्रो पटक सुचना प्रकाशन मिति : २०७७/११/०५

**विषय : विद्यालयमा simulated planetorium को स्थापना(शैक्षिक संस्थाहरुलाई सहायता) कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने म्याद थप गरिएको सुचना ।**

प्रस्तुत विषयमा यस निर्देशनालयको आ.व.२०७७/०७८ को बार्षिक कार्यक्रम अन्तर्गत विद्यालयमा simulated planetorium को स्थापना(शैक्षिक संस्थाहरुलाई सहायता) कार्यक्रम रुपन्देही र दाङ्ग जिल्लाको लागि १/१ वटा रहेकोले, सम्बन्धित जिल्ला अन्तर्गत कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरु लाई प्रस्ताव पेश गर्न मिति २०७७/०९/०९ गते सूचना प्रकाशित गरिएकोमा हालसम्म कुनैपनि विद्यालयहरुले प्रस्ताव पेश नगरेकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निम्नानुसारको कागजातहरु सहित सम्बन्धित सामाजिक बिकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

टीकाराम अर्याल

नि. निर्देशक

संलग्न गर्नुपर्ने कागजातहरु

१) कार्यक्रम सञ्चालन गर्न कम्तिमा १ वटा कोठा र आवश्यक दक्ष जनशक्ति उपलब्ध गराउने तथा जिल्ला भित्र/बाहिरका शिक्षक/विद्यार्थीहरुलाई simulated planetorium अवलोकन गर्न सहज वातावरण सृजना गर्ने विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धताको निर्णय प्रतिलिपी ।

२) simulated planetorium को स्थापना र दिगो रुपमा सञ्चालन गर्ने कार्ययोजना ।

३) सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

४) आ.व. २०७६/०७७ को लेखा परीक्षण तथा सामाजिक परीक्षण प्रतिवेदन तथा निर्णयको प्रमाणित प्रतिलिपी ।